आ.व. ०७७।०७८
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. १८।०७७।०७८
मितिः-२०७८।१।१२ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | – |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | – |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | – |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ |
| श्री महेश्वर श्रेष्ठ | का.वा. वडा अध्यक्ष | ता.न.पा २ |

Scanned with CamScanner

निर्णय नं. १

भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि, २०७७ बमोजिम तानसेन नगरपालिका भित्रको तथ्यांक संकलनका लागि कार्यविधिको अनुसूची-३ को दफा ८ (८.१ र ८.२) तथा अनुसूची-४ को दफा ४ (९), दफा ८ (८.१) को निर्धारण गर्न नगरस्तरीय सहजिकरण समितिबाट तानसेन नगर कार्यपालिकालाई अनुरोध भई आएकोमा निम्नानुसार निर्धारण गर्ने निर्णय गरियो ।

## तानसेन नगरपालिका

## भूमि सम्वन्धी समस्या सहजिकरण समिति

## जग्गाको क्षेत्र

## (अनूसुची-४ को दफा ४ (९) को प्रयोजनको लागि)

| वडा नं. | ग्रामीण क्षेत्र (कोड नं. ५) | शहरोन्मुख क्षेत्र (कोड नं. ६) | शहरी क्षेत्र (कोड नं. ७) |
|---|---|---|---|
| १ | अन्य वाँकी क्षेत्र ग्रामीण | मेहालधाराको सीमाना गैरागाउँ, धुवघाट आँपटारी, गोर्खेकोट, भुसालडाँडा, चिलाङ्गदी भञ्ज्याङ्ग रानीमहल जाने कालोपत्रेले छोएको भागहरु, गोर्खेकोट देखि उकालेपिपलसम्मको कालोपत्रेले छोएको भाग | |
| २ | | मुल सडक देखि दक्षिण अव्यवस्थित वाँकी क्षेत्र | साविक वडा नं. २ पूरै सहरी क्षेत्र, असन टोल, साविक वडा नं. १५ धवल पुस्तकालय देखि मिहालधारा सम्म |
| ३ | | वसन्तपुरको भित्री भाग | वाँकी सबै शहरी क्षेत्र |
| ४ | | | सम्पूर्ण शहरी क्षेत्र |
| ५ | तोकिएका वाहेक सवै ग्रामीण क्षेत्र | कैलाशनगर चोक देखि रानीमहल जाने बाटो, देउराली चोकबाट बतासेडाँडा निस्कने वाटोको क्षेत्र, राधाकृण मन्दिर देखि चिहानडाँडा कब्रस्थान हुँदै ढुङ्गाखानीसम्म, वतासेडाँडा देखि चण्डिभञ्ज्याङ्ग | कैलाशनगरको मुख्य क्षेत्र |
| ६ | वर्तुङ्ग क्षेत्रको सिद्धार्थ राजमार्गले छोएको वाहेकको क्षेत्र, जैसीचौपारी देखि खानेपानी टोल, सुन्दरचोक | वसपार्क व्यारेक चोक, जैसीचौपारी, बर्तुङ्ग जाने बाटो, बर्तुङ्ग क्षेत्रको सिद्धार्थ राजमार्गले छोएको क्षेत्र | भीमसेन टोल देखि बसपार्क हुँदै रेडक्रस ग्यारेजसम्म, बर्तुङ्ग चोक |
| | लगायत वाँकी क्षेत्र | | |

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

...तर पाण्डे ...अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ७ | अन्य सबै ग्रामीण क्षेत्र | सिद्धार्थ लोकमार्गले छोएको काजीपौवा देखि होराइजन स्कुल देवकोटा चोक हुँदै वर्तुङ्ग चोकको सिमाना सम्म, तानसेन बहुमुखी क्याम्पस हुँदै देवकोटा चोकसम्मको भित्री बाटो र प्रभासको सिमानासम्म | प्रभासको मेडिकल कलेज देखि बासटारी क्षेत्र |
| ८ | अन्य सबै ग्रामीण क्षेत्र | चुच्चेबारी देखि तल्लो डुम्रेसम्म सिद्धार्थ लोकमार्गले छोएका छेउ छाउको क्षेत्र र नयाँपाटी देखि शारदा मा.वि.वरिपरिको क्षेत्र | |
| ९ | अन्य सबै ग्रामीण क्षेत्र | साविक मदनपोखरा वडा नं. ६ दमकडाको तलमाथिको भाग, साविक ७ र ८ को तिन्टीआँपको तल र माथीको भाग (प्रगति टोल र संगमटोलको कालोपत्रेले छोएको भाग समेत) | |
| १० | सम्पूर्ण ग्रामीण क्षेत्र | | |
| ११ | अन्य सबै ग्रामीण क्षेत्र | ढुङ्गाखानी देखि बाहुनडाँडासम्मको तानसेन रिडी तम्घास कालो पत्रे सडकले छोएको क्षेत्र, चडिभञ्जाङ्ग बजार क्षेत्र, बडरबोट वोखरको सडकले छोएको क्षेत्र | |
| १२ | सम्पूर्ण ग्रामीण क्षेत्र | | |
| १३ | सम्पूर्ण ग्रामीण क्षेत्र | | |
| १४ | अरु सबै ग्रामीण क्षेत्र | देउराली बजार र टिपुरे कालोपत्रे सडकले छोएको क्षेत्र | |

**निर्णय नं. २**

हाल तानसेन नगरपालिकाका १४ वटै वडाहरुबाट २५९ भूमिहीन दलित परिवार, २४९ भूमिहीन सुकुम्वासी परिवार र २३५२ अव्यवस्थित बसोबासी परिवार सहित जम्मा २८६० परिवार सहितको प्रारम्भिक विवरण प्राप्त भएकोमा तानसेन नगरपालिकाका वडाहरुलाई ५ वटा क्लस्टरमा विभाजन गरी तथ्यांक संकलनका लागि कार्यविधिको दफा ४ तथा अनुसूची-१ का आधारमा निम्नासारका पाँच जना तथ्यांक संकलक (कम्प्युटर र मोटरसाइकल चलाउने सीप भएका) सहायक स्तर चौथो तहको न्युनतम पारिश्रमिक पाउने गरी कार्य सम्पन्न हुदासम्मका लागि मात्र ज्यालादारीमा नियुक्त गरी तथ्यांक संकलनको कार्य अगाडि बढाउने र संयोजक, सर्भेक्षक, अमिन, नामी कार्यको फिल्ड सहयोगी, लगत प्रविष्टिकर्ता, सामाजिक परिचालक सहित आवश्यक जनशक्ति व्यवस्थापन गर्न तथा सेवा सुविधा किटान गर्न समेत नगरस्तरीय सहजिकरण समितिलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**तथ्याङ्क संकलक**

१ श्री लोक वहादुर रेश्मी
२ श्री शिव प्रसाद पाण्डे
३ श्री रिना मल्ल

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

चिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

४ श्री गणेश वस्याल
५ श्री मुरारी प्रसाद पौडेल

**निर्णय नं. ३**

भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन हालको काभिड-१९ को महामारीमा यसको रोकथाम, उपचार र नियन्त्रणको लागि नगरपालिकाबाट रकम व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको र चालु आर्थिक बर्षमा शिर्षकगत रुपमा रकम विनियोजन गर्न कठिनाई भएको आवश्यक बजेट व्यवस्थापनको लागि भूमि सम्वन्धी समस्या आयोग, ताहाचल काठमाण्डौं र सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिकाबाट सार्वजनिक निजी साझेदारीमा बजार तथा आवासीय क्षेत्रको फोहरमैला व्यवस्थापन आयोजना सञ्चालनको लागि वातावरणीय सुन्दर नेपाल प्रा.लि., बुटवल ७ रुपन्देहीसँग मिति २०७७।१०।०८ मा समझदारी पत्रमा हस्ताक्षर भएकोमा सो संस्थासँग सम्झौता गरी कार्य अगाडी वढाउन सानिसा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

सानिसा तर्फको रानीमहल सञ्चालन तथा व्यवस्थापन परियोजनाको लागि क्षेत्र निर्धारण गरी सम्वन्धित् कम्पनीलाई उपलव्ध गराउनु पर्ने अवस्था रहेकोले बराङ्गदी खोलाको पश्चिम पट्टी र रानीमहल दरवारको अगाडीको वगर क्षेत्रको भाग (आगन क्षेत्र) लाई समेटी निम्नानुसारको कित्ता उल्लेख गरी विवरण उपलव्ध गराउने निर्णय गरियो । साथै विशेष नापी कार्यालयबाट गरिएको नापी कार्यवाट तानसेन नगरपालिका वडा नं. ६, पद्मेटारीको केही भाग बगनासकाली गाउँपालिकामा गाभिएकोमा यस क्षेत्र र रानीमहल क्षेत्रको यथार्थ नापनक्शा गरी किटानी गरिदिन सम्वन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

रानीमहल दरवार अगाडीको जग्गा (साविक खानीगाउँ २ को) कित्ता नं. १६०, १६१, १६२, १६३, १६४, ७१७, ७१६, १६७, १६८, १६९, १७०, १७१, ६६० र ६६१

**निर्णय नं. ६**

प्रस्तुत विषयमा सिद्धार्थ राजमार्ग अन्तर्गत तानसेन नगरपालिका वडा नं. ७ को बासटारी देखि वडा नं. ८ को गौडेपुलसम्म सडक चौडा गर्ने कार्यक्रम रहेको र गौडेपुल क्षेत्रमा सार्वजनिक निजी साझेदारीमा हाईवे रिफ्रेसमेण्ट सेण्टर निर्माण गर्ने योजना रहेकोले सो निर्माण गर्न अनुमति प्रदान गर्ने साथै गैडेपुलको खोला तर्फको क्षेत्रमा जग्गा कमहुने देखिएकोले उक्त छेउतर्फको जग्गामा सडक तर्फको जग्गा कभरेज गरी कुना तर्फको जग्गा चौडा गरी रिफ्रेसमेण्ट सेन्टर निर्माणको लागि आवश्यक सहयोग गरिदिन डिभिजनल सडक कार्यालय, पाल्पालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिका क्षेत्रमा रहेका सहकारी संस्थाहरुको प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गर्नको लागि सहकारी विज्ञ श्रीकृष्ण नेपाल र जीत बहादुर सिलवाललाई काममा लगाउने र यस

चिताउन्द्र ... प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

कार्यालयको तर्फबाट सम्वन्धित कर्मचारी/पदाधिकारी सहित बढीमा ५ जना जनशक्ति समूहगत रुपमा परिचालन गर्ने । अनुगमन तयारी १ दिन, प्रतिवेदन तयारी १ दिन समेत उक्त टोलिबाट प्रतिदिन कम्तिमा २ वटा सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गर्ने र अनुगमन गरिएका सहकारीहरुको विषयगत छुट्टा छुट्टै प्रतिवेदन उपलव्ध गराउने गरी नगर क्षेत्रका सम्पूर्ण स्थानमा दैनिक भ्रमण भत्ता र यातायात खर्च बराबरको रकम विज्ञहरुलाई प्रदान गर्ने साथै अन्यलाई खाजा खर्च र नियमानुसारको सुविधा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका, स्वास्थ्य शाखा मार्फत कोभिड-१९ विरुद्धको अभियानको लागि तत्काल गर्नुपर्ने गतिविधिको बारेमा जानकारी प्राप्त भयो । यस सम्वन्धमा तानसेन नगरपालिकाबाट सम्वन्धित पक्षहरुसँग समन्वय र सहकार्य गरी दोश्रो चरणको कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचारका कार्यहरु अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहवाट लगत संकलन सम्वन्धी कार्यविधि, २०७७ को दफा ९ को उपदफा (३) अनुसार आवश्यक बजेट व्यवस्था गर्न नगरस्तरीय सहजिकरण समितिबाट अनुरोध भई आएकोमा हाललाई आ.व. २०७७/०७८ को नगर विकास योजनाको जनताको घरमा मेयर शिर्षकबाट खर्च गर्नेगरी रु. ४ (चार) लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेनको टुँडीखेल सुधार आयोजनाको लागि संघबाट बहुवर्षिय विशेष समपुरक अनुदानको आयोजना ठेक्का नं.TM/PLPW/NCB/09/076-77 निर्माण कार्य भइरहेको अवस्थामा संघवाट विशेष अनुदानबाट रकम निकासा नभएकोले निकासा भएमा सोध भर्ना हुने गरी हाल सम्पन्न भएको निर्माण कार्यको भुक्तानी दिनको लागि तानसेन नगरपालिकाको समपुरक कोष मार्फत संचालन हुने कार्यक्रम (अनुसुची ५) अन्तर्गत जनसहभागितामूलक शिर्षकबाट.रु.२५००००० (अक्षेरुपी पच्चीस लाख मात्र) विनियोजन गरी सम्वन्धीत निर्माण कम्पनीलाइ भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिका वडा नं. ९ स्थित बेलगैरा आरुखर्क पैरो नियन्त्रण गर्नका लागि ल.ई. वमोजिमको रकम रु. १६,४८,५९६। मध्य १० प्रतिशत कम गरी हुन आउने रु.**१४,८३,७३६।** (चौधलाख तिरासी हजार सातसय छत्तीस मात्र) ता.न पा.को मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन समितिवाट अनुमोदन गराउने गरी मर्मत सम्भार कोष शिर्षकवाट विनियोजन गरी भुत्तानी गर्ने निर्णय गरियो ।

नगर प्रमुख

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

पिताम्बर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. १२

तानसेन नगरपालिका वडा नं. ८ स्थित तिनकुने वस्तीमा पैरो नियन्त्रण गर्नका लागि ल.ई. वमोजिमको रकम रु. १,३०,३३६। मध्ये रु.१०००००। (एकलाख मात्र) ता.न पा. को प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत भु उपयोग एवं वन तथा भुसंरक्षण कार्यक्रम शिर्षकबाट विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

तानसेन नगरपालिका वाड नं. ३, श्रीनगरडाँडामा बुद्ध स्ट्याचु लगायतका अन्य आवश्यक सम्वन्धित संरचनाहरुको विस्तृत आयोजना रिपोट तयार गर्न मिति २०७६।१२।२५ गते डेकोर स्टुडियो प्रा.लि. काठमाडौंसँग सम्झौता भई कार्य भइरहेको अवस्थामा शहरी तथा भवन निर्माण मन्त्रालयको मापदण्डमा डिजाइन स्वीकृत गर्नुपर्ने भएकोले सो कार्यले सम्पन्न गर्नुपर्ने मिति २०७७।०३।२५ सम्म म्याद थप गर्ने निर्णय गरीयो ।

निर्णय नं. १४

आ.व ०७७/०७८ को DPR कार्येक्रम अन्तर्गत हरित बसपार्क को परामर्श दाता कम्पनि Ridge Engineering Consultancy P.Ltd तथा औधोगिकग्राम को परामर्श दाता कम्पनि AP–SPIRAL–THRIVEJV बाट भइरहेको र उक्त कार्यक्रमको सम्पन्न गर्नु पर्ने मिति २०७७/११/३० रहेकोमा परामर्श दाताहरुबाट उक्त कार्य सम्पन्न गर्न म्याद थप गरि पाऊ भनि २०७७/११/०६ मा निवेदन पेश भएकोले उक्त निर्माण कार्यको मिति २०७८ जेष्ठ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

आठौ नगर परिषदबाट चालु आ.व मा कार्य प्रारम्भ गर्नेगरि हरेक वडामा बढीमा एक कि.मि सडक कालोपत्रे गर्ने वहुवर्षीय कार्यक्रम अन्तर्गत देहाय बमोजिमको योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरिएकोमा तपसिलका सडकहरु बढीमा ७०० मी. पिच गर्न देहाय बमोजिम बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

| योजनाको नाम | विनियोजित बजेट |
|---|---|
| वार्ड नं. १२ वडा कार्यालय पूर्व पश्चिमको बाटो, वार्ड नं. १३ वडा कार्यालय बाट पूर्व उत्तर होमस्टे भवन मो.वा. | १९८०००००।- |
| वार्ड नं. ८ शारदा मा.बि. देखि सिरसिरे जाने बाटो, वार्ड नं.४ Flag stone Pavement Work (NIC asia Bank to Bishal Bazar Road) | १३७०००००।- |
| वार्ड नं. २ राधे राधे -तानसेन नगरपालिका महिला बिकास भवन तीनधारा -पोलधारा सडक | ९९०००००।- |

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

**निर्णय नं. १६**

ता.न.पा.वडा नं. ७ मा औद्योगीग्राम निर्माण कार्यको डि.पी.आर. तयार भएकोले उक्त योजनाको लागि आ.व. ०७६।०७७ मा उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालयवाट प्राप्त भएको रु. ९२,०००००। को कार्य टेण्डर प्रकृयावाट अगाडी वढाउने र थप रकम निकासाको लागि उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालयमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १७**

तानसेन नगरपालिकावाट संचालित होलाङ्गदी खोला व्यवस्थापन गर्नका लागि ता.न.पा. ८ मदनपोखरा र ता.न.पा १० तेल्घा वीचमा रहेको खोला व्यवस्थापनको वाँकी कार्य गर्नका लागि प्राविधिक स्टिमेट सहित आगामी आर्थिक वर्षको योजनामा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

**क)** तानसेन नगरपालिका वडा नं. १ स्थित गैरागाउको पैरो नियन्त्रण गर्नका लागि ठेक्का वन्दोवस्तीवाट गर्न समय छोटो हुने र वर्षाको समयमा उक्त क्षेत्र भू क्षय हुन सक्ने हुदा वरपरको वस्तीलाई क्षेती हुन सक्ने भएको कारण, उक्त पैरोमा टेवा पर्खाल निर्माण कार्य गर्न स्थानीय उपभोक्ता समिति गठन गरी कार्य प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**ख)** तानसेन नगरपालिकाको आठौं नगरसभावाट हरेक वडामा बढीमा एक कि.मि सडक कालोपत्रे गर्ने वहुवर्षीय कार्यक्रम अन्तर्गत वार्ड नं. २ को राधे राधे देखि साविक महिला बिकास भवन तीनधारा -पोलधारा सडक् निर्माण गर्न वडा समितिवाट उपभोत्ता समिति मार्फत गर्ने भनि सिफारिस भई आएकोले उक्त योजना स्थानीय उपभोत्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिका वडा नं. ११ स्थित गार्गी मा.वि.को टेवा पर्खाल निर्माण कार्यका लागि स्थलगत निरिक्षण गरी प्राविधिक प्रतिवेदन सहित आगामी वैठकमा पेश गर्ने निर्णय गरियो । ।

**निर्णय नं. २०**

तानसेन नगरपालिका वडा नं. १४ स्थित रविदास टोलमा रौराटोल सिंचाई कुलो तथा मोटरवाटो निर्माण योजनाको अधुरो योजना निर्माणका लागि रु. ५ (पाँचलाख) माग भएकोमा आगामी आ.व. ०७८।०७९ को वडा स्तरीय वजेटवाट उक्त योजनाको भुक्तानी दिने निर्णय गरियो ।

नगर प्रमुख

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन पाल्पा
लुम्बिनी प्रदेश नेपाल
२०७३

Scanned with CamScanner